दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २९१ | बुटवल | २०८१ कार्तिक ०८, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Oct. 24, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,

-नियमित रुपमा लगाइने खोपहरु लगाऔं ।

-आमाको दुधका साथै पोषणयुक्त थप अहार खुवाऔं ।

-धुलो, धुवाँ, चिसो तथा प्रदूषणबाट बचाऔं ।

-सरसफाईमा उचित ध्यान दिऔं ।

-संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

लुम्बिनीमा थपिए तीन मन्त्री, आज शपथ

दाङ । लुम्बिनी प्रदेशमा तीनजना नयाँ मन्त्री थपिएका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले मन्त्रिपरिषद् पुनर्गठन गरेको बारेमा प्रदेश प्रमुखलाई जानकारी दिँदै सिफारिस गरेका छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका ५६ प्रदेशसभा सदस्यको समर्थनमा साउन ७ गते मुख्यमन्त्री बनेका आचार्यले कांग्रेसबाट बर्दियाका जन्मजय तिमिल्सिना र पश्चिम नवलपरासीका देवकरण कलवार तथा जनता समाजवादी पार्टीबाट बाँकेका आदेशकुमार अग्रवाललाई मन्त्रीमा सिफारिस गरेका हुन् । उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डबिक्रम न्यौपानेका अनुसार सिफारिस भएका नयाँ मन्त्रीहरुमध्ये नेपाली कांग्रेसका जन्मजय तिमिल्सिनालाई सामाजिक विकास, कांग्रेसकै देवकरण कलवारलाई वन तथा वातावरण मन्त्रालय र जसपाका आदेशकुमार अग्रवाललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी तोकिएको छ । तिमिल्सेना पहिलोपटक मन्त्रिपरिषद् गठन हुँदा उनकै नेतृत्वमा कांग्रेस सरकारमा जाने चर्चा भए पनि शपथ ग्रहणको अन्तिम समयमा नाम काटिएपछि रुष्ट भएका थिए । उनले प्रमुख सचेतकबाट समेत राजीनामा दिएका थिए ।

साना दुई दलबाट एक एक जनालाई मन्त्री बनाउने भनिए पनि एक जनालाई मात्रै मन्त्री बनाइएको छ ।

नवनियुक्त मन्त्रीहरुको बिहीबार बिहान ८ बजे प्रदेश प्रमुखको कार्यालय बुटवलमा शपथको लागि तयारी गरिएको छ ।

भोजभतेर खान सरकारी गाडीमा नजाऔं : मुख्यमन्त्री

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान सरकार त्यागको भावना बोकेर अघि बढेको बताएका छन् । सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई बाँकेमा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले भ्रष्टाचार नियन्त्रणसम्बन्धी पाँच वर्षे रणनीतिक योजनालाई कडाइ पूर्वक कार्यान्वयन गरिने समेत बताए । 'सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न आँट गर्न सक्नुपर्छ । त्यसको सुरुवात गरेका छौं,' उनले भने -'एक पटक मुख्यमन्त्री भएपछि, एक पटक सभामुख भएपछि पूर्व विशिष्टको नाममा सेवा सुविधा दिने निर्णय थियो, त्यो निर्णय उल्टायौं । त्यागको भावना बोकेर यो सरकार अगाडि आएको छ । जनताबाट उठाएको करबाट सेवा सुविधा लिनु राम्रो होइन ।'

प्रदेश सरकार सुशासन कायम गर्न कठोर भएर अगाडि बढेको बताउँदै मुख्यमन्त्री र मन्त्रीहरुलाई आचारसंहिता लागू गरेर नयाँ सुरुवात गरेको समेत स्पष्ट पारे । विवाह भोज पूजा जस्ता व्यक्तिगत निमन्त्रणमा सरकारी गाडी प्रयोग नगर्न मुख्यमन्त्रीले निर्देशन दिए ।

पाँच वर्षे रणनीतिक योजनामा सुशासन कायम गर्न तथा भ्रष्टाचार नियन्त्रणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र निर्माण गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिएको उनले बताए ।

व्यावसायिकता अभिवृद्धि, सार्वजनिक सेवा प्रवाह, वित्तीय अनुशासन, आयोजना कार्यान्वयन, कानुन तर्जुमा तथा कार्यान्वयन, पारदर्शिता, सामाजिक जवाफदेहिता तथा उत्तरदायित्व प्रवर्द्धन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, समन्वय, सहकार्य तथा साझेदारीलाई विषयगत क्षेत्रलाई आधार मानेर रणनीति र कार्यनीति प्रस्ताव गरिएको उनले बताए ।

» *बाँकी ३ पेजमा*

राष्ट्रपतिलाई भेटेर विपक्षी दलले भने :

सरकारको गति र मति सकारात्मक छैन

काठमाडौं । विपक्षी दलहरूले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले दुई दलीय अधिनायकवादतर्फ लैजानका लागि अध्यादेश ल्याउन खोजेको भन्दै राष्ट्रपति रामचन्द्र पौडेललाई सचेत रहन भनेका छन् ।

विपक्षी दलहरूले सरकारको गति र मति सकारात्मक दिशामा नभएको भन्दै राष्ट्रपति रामचन्द्र पौडेलको ध्यानाकर्षण गराएका छन् । संविधानको मूल मर्म बहुदलीय लोकतान्त्रिक गणतन्त्र भए पनि संविधानको आशयविपरीत अध्यादेश ल्याउन खोजेको उनीहरूको भनाइ थियो ।

'संविधानको मर्मविपरीत अध्यादेश ल्याएर राष्ट्रपतिलाई समेत विवादमा पार्न खोजिँदै छ । यसमा सचेत रहनुहोला । विवादमा नपर्नुहोला ।'-भेटमा सहभागी एक नेताले विपक्षी दलका नेताहरूका तर्फबाट राष्ट्रपतिलाई गरिएको आग्रहबारे भने ।

» *बाँकी ३ पेजमा*

'सरकारले लगानीमैत्री वातावरण बनाउन सकेन'

ब्याज दर घटेको र बैंकहरूमा ६ खर्ब ३३ अर्ब रकम थुप्रिएर अधिक तरलता हुँदा पनि उद्योग–व्यवसाय क्षेत्रमा अपेक्षाकृत कर्जा प्रवाह हुन नसकेको अवस्थालाई बदलेर लगानीमैत्री वातावरण बनाउन विश्वासिलो योजना र कार्यक्रम ल्याउन व्यवसायीहरुले सरकारलाई सुझाएका छन् ।

टिआर शर्मा

बुटवल

उद्योगी व्यवसायी र अर्थतन्त्रका जानकारहरुले नेपालमा उद्योग-व्यापारमैत्री वातावरण अझैं बन्न नसकेको गुनासो गरेका छन् ।

छोटो अवधिमै सरकार फेरबदल भइरहँदा उद्योग वाणिज्य क्षेत्रका ऐन, नियम र नीतिहरु समेत परिवर्तन हुने, निजी क्षेत्रलाई प्रोत्साहन हुने गरी कानुन नबन्ने, सरकारले कर असुलीलाई मात्र प्राथमिकतामा राख्ने जस्ता कारणले उद्योग-व्यापार क्षेत्र संकटमा रहेको उनीहरुको गुनासो छ ।

बैंकहरुमा ६ खर्ब ३३ अर्ब रकम थुप्रिएर अधिक तरलता हुँदा र ब्याज दर एक अंकमा झर्दा पनि देशमा लगानीमैत्री वातावरण नरहेको भन्दै कर्जा प्रवाह हुन नसकेको व्यवसायीहरुले बताए । वैदेशिक रोजगारीमा जाने युवाहरु मात्र नभई उद्योगी-व्यवसायी र विभिन्न पेशामा स्थापित व्यक्ति समेत विदेश पलायन हुनेक्रम बढ्दा लगानीमैत्री वातावरण बन्न नसकेको भन्दै यसलाई रोक्न सरकारले विश्वासिलो योजना र कार्यक्रम ल्याउनुपर्ने उनीहरुले सुझाए ।

लुम्बिनी प्रदेश सरकार र युरोपियन युनियन (इयु) नेपालको सहकार्यमा टक्सार म्यागेजिनले बुधबार मणिग्राममा गरेको 'उद्योग, लगानी र व्यापारसम्बन्धी क्षमता निर्माण र जागरूकता कार्यक्रम'मा व्यवसायीहरुले भन्सार र कर नीति स्वदेशी उद्योगीलाई संरक्षण गर्ने भन्दा विदेशी सामान आयातलाई प्रोत्साहन हुने गरी बनेका र तिनलाई परिमार्जन गर्न वर्षौंदेखि माग गर्दा समेत सरकारले सुनुवाइ नगरेको गुनासो गरे ।

पर्यटन क्षेत्रबाट राम्रो प्रतिफल लिन सकिने संभावना भएपनि स्तरीय सडक पूर्वाधार नहुँदा विदेशी पर्यटकलाई आउन/जान सहज वातावरण नभएको, पाइलैपिच्छे प्रहरीको अनुचित चेकजाँचले हैरानी भएको र विदेशी पर्यटकमा नकारात्मक छाप पर्दा पर्यटन व्यवसाय समेत फस्टाउन नसकेको व्यवसायीको गुनासो छ ।

चेम्बर अफ कमर्स लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद पोखरेलले स्वदेशी उद्योगी व्यवसायीलाई संरक्षण गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सरकारको स्पष्ट भिजन नहुँदा सीमित नेता, उनीहरुका आसेपासे र सीमित ठूला उद्योगी-व्यापारी मात्र मोटाउने, तर आम उद्योगी व्यवसायी धराशायी हुने अवस्थामा पुगेको औंल्याए ।

उद्योगी व्यवसायीबाट चर्को कर असुल्ने, अनेक वहानामा दुःख दिने, निजी क्षेत्रको योगदानलाई अवमूल्यन गर्ने काम मात्रै सरकारबाट भएको पोखरेलले गुनासो गरे ।

वार्षिक ५४ खर्बको नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ । कूल रोजगारीमा निजी क्षेत्रको योगदान ८५.५ प्रतिशत अर्थात ५५ लाख छ । जबकि सरकारी रोजगारी ४ लाख ५० हजार मात्र छ । निजी क्षेत्रका उद्योग संख्या करिब १० लाख छ, जुन ३० वर्षमा ३२ गुणा वृद्धि भएको हो ।

'मुलुकको अर्थतन्त्रमा यति ठूलो योगदान गरेको निजी क्षेत्रलाई सम्मानको दृष्टिले हेर्ने र समस्या, अप्ठ्यारा हल गर्नेतिर सरकार कहिल्यै गम्भीर भएको अनुभूति भएन,' पोखरेलले भने-'तीनै तहका सरकारसंग कुन क्षेत्रमा लगानी गर्दा प्रतिफल आउँछ भन्ने प्राथमिकरण नभएको बरु अनुत्पादक क्षेत्रमा खर्च गर्ने परिपाटीले सिंगो देशको अर्थतन्त्र नै संकटमा परेको छ ।'

स्वदेशमै उद्योग व्यवसायमैत्री वातावरण नबनेकाले विदेशी लगानी भित्राउने सरकारको घोषणा गफमै सीमित भएको उनले स्पष्ट पारे ।

उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले २० वर्ष अघिदेखि उद्योगी व्यवसायीले उठाउँदै आएका समस्या अहिले पनि उस्तै रहेको बताए । कानुन र नीतिमा सुधार गरी तत्काल उद्योगी व्यवसायीमैत्री वातावरण नबनाउने हो भने अर्थतन्त्र झनै खराब हुँदै जाने शर्माले औंल्याए ।

उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलमले सरकारको गलत नीतिका कारण उद्योगहरु बन्द हुने क्रम बढ्दै गएको बताए । सरकारले युवा र दक्ष जनशक्तिलाई स्वदेशमै रोकेर उद्यमशील बनाउने र रोजगारी दिनेतिर भन्दा विदेश जान प्रोत्साहन गरिरहेको उनले बताए । युवाहरु मात्र नभई उद्योगी व्यवसायी समेत विदेश जाने परिपाटी बढेको भन्दै यसलाई रोक्न सरकारले विश्वासिलो योजना र कार्यक्रम ल्याउनुपर्ने उनले सुझाए ।

बुटवलको मोतीपुरसहित नयाँ औद्योगिक क्षेत्र घोषणा गर्ने, तर नबनाउने, पुराना औद्योगिक क्षेत्रको भाडा ८०० प्रतिशतसम्म बढाएर उद्योगीलाई कस्ने काम मात्र सरकारले गरेको भन्दै आलमले अहिले उद्योगहरुको उत्पादन आधा घटेको र कतिपयको ३० प्रतिशतमा झरेको बताए ।

सिद्धार्थ होटल एशोसिएसनका अध्यक्ष सीपी श्रेष्ठले विदेशी मुद्रा आर्जनको माध्यम पर्यटन क्षेत्र भएपनि सरकारले गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चलाउन नसक्दा ८० अर्ब लगानी जोखिममा परेको बताए । अन्तर्राष्ट्रिय विमानस्थललगायतका ठूला पूर्वाधार र आयोजनाहरु दीगोरुपमा पूर्णक्षमतामा चलाउने उद्देश्यले भन्दा पनि भ्रष्टाचार र कमिसनका लागि बनाउने गरिएको हो कि भन्ने आशंकालाई बल पुगेको श्रेष्ठले औंल्याए ।

उनले स्पष्ट पर्यटन नीति बनाउन माग गरे ।

पर्यटन व्यवसायी सागर अधिकारीले कच्चा पदार्थ आयातमा चर्को भन्सार दर तर तयारी वस्तु आयातमा न्यून भन्सार दर र कतिपयमा शून्य भन्सार दरको गलत नीतिले स्वदेशी उद्योग धराशायी हुने अवस्थामा पुगेको औंल्याए । चरम चर्को र महँगो भन्सार करका कारण भारतमा १० लाखमा पाइने गाडी नेपालमा ४० लाख मूल्य कायम हुँदा पर्यटन र अन्य व्यवसायी मारमा परेका उनले बताए । विश्व व्यापार संगठनको नियमअनुसार कुनै वस्तु आयातमा ४० प्रतिशतभन्दा बढी भन्सार लिन नपाइने व्यवस्था भए पनि नेपालमा उक्त नियम लागु नहुँदा स्वदेशी व्यवसायीहरु विशेषगरी गाडी आयातमा चर्को भन्सारको मारमा परेको औंल्याए ।

रुपन्देही उद्योग संघका पूर्व अध्यक्ष गणेश अधिकारीले अस्थिर राजनीतिले उद्योग व्यवसाय क्षेत्रका नीति पनि फेरबदल भइरहने, चर्को कर, असमान भन्सार दर, गलत नीतिका कारण उद्योग व्यवसाय क्षेत्र फस्टाउन नसकेको बताए ।

आफ्नो देशमा पर्याप्त उपलब्ध काठ, ढुंगा, गिटी, बालुवा जस्ता प्राकृतिक स्रोत साधनको सदुपयोग गर्न पनि सरकार चुक्दा व्यापार घाटा बढ्दै गएको र आफ्ना स्रोतहरु नष्ट र खेर गइरहेकोतर्फ सरकारको ध्यान नभएको उनले औंल्याए ।

उद्योगी बसन्त रोक्का क्षेत्रीले वन, नदी किनार र कृषि क्षेत्रबाट वार्षिक तीन खर्ब रुपैयाँ आमद्यानी लिन सकिने संभावना र आधार भएपनि सरकारी नीतिको अभाव र वनसम्बन्धी ऐन कानुन वाधक भएको बताए ।

सो कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकालले लगानीमैत्री वातावरण निर्माणका लागि प्रदेश सरकार लागिपरेको दाबी गरे ।

प्रदेशका रुपन्देही, दाङ र बाँकेमा औद्योगीक क्षेत्र निर्माणका लागि प्रदेश सरकार लागिपरेको भन्दै मन्त्री ढकालले औद्योगीक क्षेत्रका लागि जग्गा प्राप्तिको कार्य सम्पन्न भएको र छिट्टै सञ्चालनमा ल्याउने सरकारको तयारी रहेको बताए ।

» *बाँकी ३ पेजमा*

सरकारका सय दिनका उपलब्धि सार्वजनिक



लुम्बिनी संवाददाता

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार गठन भएको एक सय दिनको उपलब्धि सार्वजनिक गरेका छन् । प्रधानमन्त्री ओलीले सुनाएका उपलब्धिमा प्राकृतिक विपद्ले भत्काएका बाटा मर्मतदेखि किसानले भुक्तानी पाएकोसम्म विषय समेटिएको छ ।

सम्बोधनको सुरुमै प्रधानमन्त्री ओलीले आफूले शपथ लिनुभन्दा केही दिन अघिदेखि नै देशले ठूलो प्राकृतिक विपद् भोगिरहेको र त्यसपछि निरन्तररूपमा विपत्तिको सामना गर्नुपरेको बताएका थिए । यसका बाबजुद एक सय दिनमा गर्छु भनेका ७० प्रतिशत गर्न सफल भएको दाबी उनले गरे । विपद्ले अप्ठ्यारो नपारेको भए बाँकी ३० प्रतिशत काम पनि पूरा हुन सक्ने उनको दाबी थियो ।

गत असार ३१ गते प्रधानमन्त्रीको कार्यभार सम्हाली मन्त्रिपरिषद् समेत गठन गरेका ओलीले साउन ६ मा विश्वासको मत लिँदै सरकारका मुख्य पाँचवटा प्राथमिकता सुनाएका थिए । त्यो प्रसंग स्मरण गर्दै प्रधानमन्त्री ओलीले थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने कुरालाई पहिलो प्राथमिकतामा राखेको बताए ।

उनका अनुसार, पहिलो सय दिनभित्र सबै मन्त्रालयहरूले गर्ने भनेको कामको संख्या २ सय ७४ वटा पुग्यो । तीमध्ये १ सय ८५ वटा काम सम्पन्न भए । अर्थात्, यस सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको उनको दाबी छ ।

बाढी पहिरोबाट मृत्यु भएका ३ सय ९१ परिवारले २ लाखका दरले राहत पाएका, प्रभावित २ हजार ५ सय ५५ परिवारलाई चार करोड ५० लाख तत्काल राहत प्रदान गरिएको र संकटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड विनियोजन गरिएको विवरण पनि प्रधानमन्त्रीले सुनाए ।

बाढी र पहिरोले बाटो तथा पुलहरू बगाउँदा राजधानी आउने-जाने सबै बाटा बन्द भएको भन्दै प्रधानमन्त्री ओलीले सरकारले सक्रियताका साथ काम गरेर बाटाहरू खुलाएको जानकारी दिए ।

ओलीले अघिल्लो वर्ष जति नै नागरिक दसैंमा घर फर्किएको भन्दै त्यसलाई पनि सरकारको सय दिनको उपलब्धिमा समेटेका छन् ।

» *बाँकी ३ पेजमा*

सम्पादकीय

सरकारको मधुमास

दुई ठूला दल एमाले र कांग्रेस मिलेर सरकार गठन भएको सय दिन पूरा भएको छ। यो सय दिनलाई सरकारको 'मधुमास' भनिन्छ। सय दिनमा सरकारले गर्नुपर्ने कामको खाका तयार गर्ने र सरकारप्रति नागरिकको धारणा निर्माण गर्ने अवसरका रुपमा लिइन्छ । सय दिनमा सरकारले कार्यतालिका बनाएर काम गरेको, सेवा प्रवाह चुस्त बनाउन प्राथमिकता दिएको, नागरिकका गुनासा र समस्या सुन्न र समाधान गर्न अग्रसर भएकाले सरकारप्रति आम नागरिकको आशा र भरोसा जागेकै थियो । तर असोज ११ र १२ गते आएको बाढी पहिरोले भएको जनधनको क्षति र त्यसको व्यवस्थापनका कतिपय काममा सरोकारवाला निकाय चुक्दा सरकारप्रति असन्तुष्टि देखिन्छ ।

बाढी पहिरो र त्यसले पुऱ्याएको नोक्सानी आँकलन गरेभन्दा भयावह भएकाले तत्काल हाम्रो स्रोत साधनले व्यवस्थापन गर्न संभव थिएन् । जल तथा मौसम विज्ञान विभागले ठूलो वर्षा हुने भन्दै अलर्ट जारी गरेपछि गृहमन्त्रालयले राजमार्गमा रात्रि बस नचलाउने निर्णय गरेको, तर कार्यान्वयन गर्न चुक्दा धादिङमा ठूलो क्षति भयो । पहिरोले तीनवटा सवारीसाधन पुरिंदा तीन दर्जनको ज्यान गयो । नख्खु खोलाबिचमा अलपत्र परेकाको बेलैमा उद्दार गर्न चुक्दा सरकारले बेवास्ता गरेको रुपमा नागरिकले बुझ्ने । कतिपय कमजोरी बाहेक विपद् व्यवस्थापनमा सरकारी निकायको सक्रियतालाई कमजोर ठान्न हुन्न । विपद्ले पारेको नोक्सानी पनि सय दिनमा सरकारको कमजोरीको रुपमा उल्लेख गरेर सरकारले गरेका राम्रा कामलाई नजर अन्दाज लगाउनु पूर्वाग्रह हुनेछ । यो अवधीमा ७ हजार १ सय ३५ विपद्का घटना भएका र विपद्मा परेर ३ सय ९१ को मृत्य भएको छ । विपद्मा परेर मृत्यु भएकाका परिवारलाई दुई लाखका दरले राहत वितरण भएको, विपद्बाट उच्च प्रभावित ७१ वटा स्थानीय तहमा तत्काल अत्यावश्यक काम गर्न ४३ करोड रुपैयाँ वितरण गरेको जानकारी प्रधानमन्त्री केपी ओलीले देशवासीलाई सम्बोधन गर्दै जानकारी दिएका छन् ।

पहिलो सय दिनमा सरकारले २ सय ७४ काम निर्धारण गरेको थियो । त्यसमध्ये १ सय ८५ सम्पन्न भएका छन् । यो तथ्याङ्क हेर्दा सरकारले लक्ष्य निर्धारण गरेअनुसार ७० प्रतिशत उपलब्धि हासिल गरेको छ । विपद् व्यवस्थापनमा लाग्न नपरेको भए उपलब्धिको ग्राफ बढ्न सक्थ्यो । जाजरकोट भूकम्प प्रभावितको आवास बनाउन १५ दिनभित्र रकम निकासा दिने निर्णय पनि महत्वपूर्ण छ । भूकम्प गएको एकवर्षसम्म आवास व्यवस्थापनबारे कुनै निर्णय हुन नसकिरहेका बेला सरकारले लिएको पहलकदमी सकारात्मक छ । भुक्तानी नपाइरहेका दूध किसानलाई भुक्तानी दिन ६० करोड निकासा भएको छ । ७५ हजार उखु किसानले अनुदान बापतको रकम पाएका छन् । निर्माण व्यवसायीले संघीय मन्त्रालयहरुबाट पाउनुपर्ने मध्ये ६ अर्ब ६५ करोड भुक्तानी पाउँदा मुलुक लयमा अघि बढाउन प्रधानमन्त्री केपी ओली अग्रसर भएको यी उदाहरण नै काफी छन् ।

आर्थिक सुदृढिकरणका लागि आर्थिक सुझाव आयोग गठन गरेर सरकारले मुलुकको आर्थिक संकट समाधानका लागि पहलकदमी लिएको छ । चालु आबको असोजसम्म गत आवमा भन्दा राजस्व वृद्धि १३ प्रतिशत बढी छ । आर्थिक अभावमा जलनको उपचार गर्न नसक्ने नागरिककालागि साते प्रदेशमा निःशुल्क उपचार गर्नअस्पताल तोक्नु नागरिकप्रति जवाफदेही निर्णय हो ।

गौतमबुद्ध विमानस्थल भैरहवालाई चलाउन सरकारले लिएको पहलकदमी राम्रो छ। यद्यपी अझैं बढाउनुपर्छ। कार्तिक २४ गतेदेखि दुबईदेखि भैरहवासम्म साताैदिन र जजीराले भैरहवा-कुवेत हप्ताको तीन दिन उडान गर्ने निर्णय सरकारले गरेको पहलकदमीकै कारण संभव भएको हो । संविधान संशोधन गर्ने गरी बनेको कांग्रेस-एमाले गठबन्धनको अबको दिशा संविधानका कमजोरी केलाएर संशोधनका लागि अरु दललाई विश्वासमा लिएर अघि बढ्नु नै राम्रो हुनेछ ।

सकारात्मक 'स' को भकारी बनाऔं !

झपेन्द्र जिसी

अब त युवाको शासन चाहिन्छ । युवा नै राष्ट्रपति, युवा नै प्रधानमन्त्री, मन्त्री र सांसद पनि युवा नै बन्नु पर्छ, बूढाहरूले केही जान्दैनन्, गर्न पनि सक्दैनन् । पिण्डखानेहरूबाट के आश गर्ने !

१. प्रायशः नेपालीको क्षमता प्रदर्शन गाली पुराणमा केन्द्रित छ । हामी नेपालीले विपनामा मात्र होइन सुतेपछि सपनामा पनि अरुको टीका टिप्पणी गर्न व्यस्त छौं, मस्त छौं । खूब बर्बराउँछौं फलनाले यति अरब भ्रष्टाचार गऱ्यो, तिलनाले खरब गऱ्यो, आदि इत्यादि । सरकारले युवालाई रोजगारी दिएन, तर खेतबारी बाँझै राखेका छन् ।

२. यो सरकार नै भ्रष्टाचारीलाई बचाउन र भ्रष्टाचार गर्न बनेको हो, हो, हो ।

३. हो हो हो । फलनाले भनेको ठीक हो ।

४. भ्रष्टाचारीलाई कारबाही गर्न थाल्यो भने तिनै मान्छे हामी फेरि उफ्रन्छौं । पाइँदैन, पाइँदैन, पाइँदैन अमुक व्यक्तिलाई फसाउन पाइँदैन । यो सरकारले अमुक व्यक्तिलाई फसाइरहेको छ आदि ।

५. फेरि आवाज आउँछ, फलना जेल मुक्त गर ! तिलानालाई जेल मुक्त गर ! फलानालाई हिरासतमा राख्न पाइँदैन । छोड ! छोड ! चाँडै छोड !!!

प्रधानमन्त्री मूर्दावाद ! गृहमन्त्री मूर्दावाद, स्वास्थ्य मन्त्री, पर्यटनमन्त्री, उद्योगमन्त्री यस्तै यस्तै मन्त्रीहरुले राजीनामा दे । अब आन्दोलन सुरु भयो । यो वा त्यो सरकारको अन्त्यका दिन आए दिन गन्ती सुरु भयो । आदि इत्यादि ।

कानमा यस्तै आवाज गुंजित छन् ।

५. सारतः यसरी नै समय बित्दैछन् । रात दिन बित्दै छन् । हामीहरु यसरी नै बित्दैछौं । सदाचार पनि छैन ।

यस्तै आवाजले १२ महिनामा १२ वटा गठबन्धनको सरकार बन्छ कि झैं लाग्न थाल्यो । किनकि भइरहेछ यस्तै ।

६. भ्रष्टाचार गर्न पनि नछोड्ने, सदाचारी हुन पनि नजान्ने, भ्रष्टाचारीलाई कारबाही गर्न थाले। हामीले न्वारनदेखिको बल निकालेर विरोधमा उत्रन्छौं, मूर्दावाद भन्छौं, रेलिङ भाँच्छौं, पर्खाल भत्काउँछौं, पुलिसलाई ताकेर ढुंगा मूढा पनि गर्छौं । हामी कम बहादुर छैनौं ।

७. हामी क्रान्तिकारी हौं, हामी राष्ट्रवादी हौं, हामी तोपबहादुर हौं, बमबहादुर हौं, के ठानेको हामीलाई । नभए हामी बन्दुक बहादुर हौं, गनबहादुर हौं ।

८. यो देशको बेथितिको कारक तत्व दल र नेता हुन्, झोले कार्यकर्ता हुन् । हामीले भन्छौं, हामी कुर्लन्छौं ।

९.दल र नेताभन्दा राजा असल थिए । राजा जाति छन्, हुन भन्न थालेका छौं । राजतन्त्रले सताएको कुरा अहिलेका हामी क्रान्तिकारीलाई थाहा नभएर के भयो र ? राजा त ठीक थिए भन्छौं हामी क्रान्तिकारी युवाले र क्रान्तिकारी भनेको के हो त ? हामीलाई यसको के मतलब !

१०.हामीलाई त सुविस्तापूर्वक गर्ने रोजगारी चाहियो । यति ठूलो लोकतान्त्रिक, गणतान्त्रिक व्यवस्थामा काम नगरी बसी बसी खान पाउनु पऱ्यो । त्यसो नगर्ने हो भने सरकार किन चाहियो ?

११. अब यहाँ पनि बंगलादेशमा झैं उफ्रने हो । यी नेताहरुलाई एक एक गरी धपाउने छौं भनेर हामी आफैं कुर्लन्छौं । हामीले, के भन्न खोजेको हो ? के गर्न खोजेको हो ? हामी आफैंलाई थाहा छ कि छैन । यो पनि एउटा विषय हो । थाहा हुन पनि परेन । हामीलाई त सुख चाहिएको छ । दुःख गर्न सकिन्न । एक, दुई, तीन सकिन्न । हामी त पढेका, लेखेका मान्छे पो त ! चानेचुने ठान्ने ?

१२. सुख नदिने हो भने सरकार किन चाहियो ? प्रधानमन्त्री किन चाहियो ? मन्त्री किन चाहियो ? सांसद् किन चाहियो ?

१३. खोई हामीले त कहिल्यै सत्ता पाइएन ? सत्तामा त उनीहरुकै रजगज ? अब हुन्न । यसरी हुन्न ।

१४.अब त युवाको शासन चाहिन्छ । युवा नै राष्ट्रपति, युवा नै प्रधानमन्त्री, मन्त्री र सांसद पनि युवा नै बन्नु पर्छ, बूढाहरुले केही जान्दैनन्, गर्न पनि सक्दैनन् । पिण्डखानेहरुबाट के आश गर्ने !

१५.हामी युवाले दर्शन, सिद्धान्त, विचार, कार्यक्रम किन जान्न पऱ्यो । युवा भए त भैगयो !

१६. हामी प्रौढ पाकालाई अराजक भीडले गाली गर्छन्, सत्तोसराप गर्छन्, देशमा प्रजातन्त्र/लोकतन्त्र/गणतन्त्र ल्याउन हामीले कति त्याग, संघर्ष गऱ्यौं, आजकालका धेरै युवालाई के थाहा ? इतिहास पढ्दैनन् । लोकतन्त्र, गणतन्त्र भनेको के हो, डिक्सनेरी पढ्दैनन्, कहाँबाट बुझ्ने शब्द ज्ञान पनि छैन !

अहिले उनीहरुको समय पाका पुराना योद्धाहरुलाई सत्तोसराप गर्नमा हामीले लगानी गरेका छौं । हामी युवा भन्छौं, तर युवाको कर्तव्य के हो ? १५ मिनेट बुझ्नेतिर हामीलाई मन पर्दैन । बुढाहरुको अर्ती उपदेशलाई हामी गुडगुडे हुँक्काको गनगन जस्तो ठान्दैछौं र घृणा गर्न मन लाग्छ । नयाँ काम कुरा क्या हो ? तिनीहरुलाई के थाहा ? २००७ सालको राणा विरोधी आन्दोलन, २०४६ सालको राजाको निर्दलीय पञ्चायत विरोधी आन्दोलन र २०६२/०६३ को राजा ज्ञानेन्द्रको तानाशाही शासनको विरुद्धमा गरिएको आन्दोलनको कुरा सुनाउन थाल्यौं भने त यी वर्तमान नेताहरु भन्दा त राजा ज्ञानेन्द्र ठीक हो भनेर बहस पैरवी गर्न थाल्छौं, हामी आफैं । तथ्य र तर्कलाई मान्दैनौं । हामी आफैं जान्ने, हामी आफैं सुन्ने ठान्छौं । हामी भनेका पुराना होइनौं । हामी भनेका नयाँ हौं, नयाँले त नयाँ कुरा गर्ने हो भन्छौं । तर व्यवहारमा सिन्का भाँच्नतिर लाग्दैनौं । हामी युवा !

१७. हामी पाका नेता पनि त्यस्तै त्यस्तै छौं । बुढो गोरुले झैं ठाम नछोडेर ठिड्ग उभिएझैं उभिन मज्जा मान्छौं । संविधान पनि त्यस्तै बनायौं । स्थिरता कहिल्यै नआउने खालको ! सधैं अस्थिरतालाई निम्ताइरहेको संविधान !

जुन पार्टीले संसदमा थोरै सीट प्राप्त गर्छ उसले नै प्रधानमन्त्री, मन्त्री पाउने, नत्र सरकार ढलाइदिन्छु भनेर घुर्की दिने संविधान ! मुसा बिरालाको चाल बिरालालाई भन्दा मुसालाई प्रधानमन्त्री ! मन्त्री बन्ने अवसर जुराइदिएको संविधान ! त्यस्तै कानुन !

त्यसैले देशमा अस्तव्यस्त सदाचारले हावा खायो, बहाली हुन डरायो । सरकार बनाउन र टिकाउन भ्रष्टाचारीको साथ लिनु पर्ने हामीले संविधान बनायौं ।

१८. हामी पुरानो पिंढीले नयाँ पिंढीलाई समन्वय गर्न सकेका छैनौं । नयाँ पिंढीले पुरानो पिंढीलाई टेर्न छोडे । कम्तिमा पाका पुरानाबाट अनुभव ग्रहण पर्ने हो, त्यो त मतलबै छैन ।

त्यसैले हाम्रो काम भनेको बिहान झुल्के घामदेखि घाम नअस्तायसम्म अर्काको विरोध गर्नु, वरको सिन्को पर नसार्नु र अरुलाई सत्तोसराप गर्दै फेसबुक रंगाउनुमा रहेको छ ।

१९. निष्कर्षः

कुरा गरे धेरै हुन्छ ।

महाभारत बन्न सक्छ ।

भन्न पनि लाज लाग्छ । लेख्न पनि लाज लाग्छ । देश त 'न' को भकारी भयो । पातलो 'स' को सकारात्मक बन्न सकेन । निउरे मुन्टे 'न' होइन सरकार पातलो 'स' को 'स' कसरी बनाउने सरकार ! सोंच ? जतातते 'न' को भकारी भयो ! सकारात्मक 'स'को भकारी बनाऊ सरकार ! प्रतिपक्ष दलका नेता कार्यकर्ताहरुले पनि सोंच, सत्ता पक्षका नेता कार्यकर्ताहरुले पनि जिम्मेवारीपूर्वक सोंच ।

आफ्नो घाउ कोट्याएर आफ्नो बेइज्जत अब नगर । जनता पनि जनता नै बन्ने कोशिस गर्नुपर्छ । जनताको 'त' मा पनि तर्कुल्ले लाग्नु हुँदैन । भ्रष्टाचारको 'भ' नकारात्मकताको निउरे मुन्टे मूर्दावाद ।

सकारात्मकताको 'स' र सदाचारिताको 'स' जिन्दावाद !!

देशमा बढ्दो राजनीति अराजकताप्रतिको जिम्मेवारी नेता कि कार्यकर्ता ?

मोहन कुँवर

नेपालका राजनीतिक दलहरुबिच एक अर्काप्रति देखिएको दोषारोपणले विभिन्न दलका कार्यकर्ताहरुबिच पनि अराजकता बढाएको देखिन्छ । सत्तामा सँगै रहँदा उहीं नेता सही देखिने तर सत्ता बाहिर रहेपछि फेरि उहीं नेता गलत देखिने, विभिन्न दलका नेताहरुले सर्वप्रथम आफ्नो सोंचविचार परिवर्तन गर्न जरुरी छ । साथै कार्यकर्ताहरुले पनि आफ्ना पार्टीका नेताहरुले चालेका कदम र निर्णय सहि वा गलत छ भनेर छुट्याउन आवश्यक रहेको देखिन्छ । आफ्ना दलका उच्च तहका नेताहरुले कुनै पनि विषयमा बोलेको कुरा वा प्रतिकृयाप्रति गलत र सही नछुट्याई तल्लो तहका नेताहरु वा कार्यकर्ताहरुले समर्थन गर्नु र अन्य दलका नेता तथा कार्यकर्ताहरुले पनि सहि र गलत नछुट्याई सामाजिक सञ्जालबाट नै विरोध गर्ने प्रवृत्तिले पनि नेपालमा राजनीति अराजकता बढिरहेको छ ।

नेपालमा राजनीति व्यथितिको अवस्था देख्दा नेताले कार्यकर्तालाई राजनीतिक संस्कार सिकाउने कि कार्यकर्ताले नेतालाई सिकाउने भनेर सोच्न बाध्य भइन्छ । विभिन्न राजनीतिक दलका नेताहरु तथा कार्यकर्ताहरुबाट विश्वास, इमानदारीता, प्रतिबद्धता र संस्कार विस्तारै हराउँदै गएको हो कि भनेर पनि जनताहरुले सोंच्नुपर्ने अवस्था सिर्जना भएको छ । विगतका समयदेखि नै आफ्नो कार्यकालसमय अवधिभित्र अवसर र पहुँच हुँदा हुँदै पनि देश र जनताको हितमा कुनै सम्झनालायक काम नगर्ने तर सत्ता बाहिर गएपछि एक अर्कालाई मात्रै आरोप प्रत्यारोप गर्ने प्रवृत्तिले जनतामा थप निरासा मात्रै उत्पन्न गरेको छ ।

नेपालमा १० वर्षे जनयुद्धपश्चात् प्राप्त लोकतन्त्र तथा संघीय गणतान्त्रिक व्यवस्थाले देशमा परिवर्तनको मुहार फेर्नेछ साथै नागरिकलाई देशमै सजिलै रोजगार प्राप्त हुन्छ भन्ने आशा र विश्वास रहेता पनि त्यसो हुन सकेन बरु नेताहरु र केही कार्यकर्ताहरुको अवस्था र जीवनस्तरमा परिवर्तन भयो, तर सर्वसाधारण नागरिकहरुको अवस्था भने झनझन नाजुक हुँदै गइरहेको छ । नेपालको हकमा संघीय व्यवस्था देशको आर्थिक क्षेत्रलाई भार हुनुको साथै तल्लो तहका नेताहरुलाई भर्ती गराउने केन्द्र जस्तै बनेको छ । पछिल्ला क्रममा नेपालका नेताहरुबाट हुने गलत कदम र घटनाक्रमलाई हेर्दा देशमा १४ अञ्चल, ७५ जिल्ला, ५ विकाश क्षेत्र, ३ प्रदेश र राजतन्त्रसहितको व्यवस्था नै ठिक थियो भन्ने आवाज केही नागरिकहरुबाट पनि आउने गरेको सुनिन्छ ।

आज देशका न्यायिक अधिकार दिने अदालत, सन्चार माध्यम, शैक्षिक संस्था तथा स्वास्थ्य क्षेत्र, ठूलाठूला व्यापारीहरुलगायत विभिन्न क्षेत्रमा आबद्ध व्यक्तिहरु गलत र सहीलाई नछुट्याई नेताहरुको इसारामा चल्ने गरेको पाइन्छ । दोषी व्यक्तिलाई निर्दोष र निर्दोष व्यक्तिलाई दोषी ठहऱ्याई अदालतले फैसला गर्यो भने पनि नागरिकले अचम्मित मान्नुपर्ने अवस्था छैन, यहाँ न्यायलयले नै नेताहरुको आदेश र पैसाको भरमा फैसला गर्ने गर्दछन् । सञ्चार माध्यमहरुले गलतलाई सही र सहीलाई गलत बनाई समचार सम्प्रेषण भएमा, शैक्षिक तथा स्वास्थ क्षेत्रको हरेक काममा राजनीति भागबण्डाको आधारमा कार्यसम्पादन भएमा, ठूला-ठूला व्यापारी र धनाढ्यहरु तथा अन्य क्षेत्रका व्यक्ति तथा नेताहरु विभिन्न मुद्दामा आरोपित भए पनि खुल्लेआम हिंड्दा जनताहरु अचम्मित हुनु पर्दैन यहाँ राजनीति दलका आडहरुमा जे पनि हुन सक्छ ।

देशमा सत्ता बाहिरका कार्यकर्ताहरुबाट यतिसम्म अराजकता बढिरहेको छ कि देशकै सम्माननीय प्रधानमन्त्री जस्तो व्यक्ति विभिन्न धार्मिक, सांस्कृतिक कार्यक्रमहरुलगायत विदेश भ्रमण जाँदा विदेशमै समेत कालोझण्डा देखाउने, कार्यक्रम स्थलमै गएर कार्यक्रम सुचारु हुन नदिने जस्ता अराजकता निम्त्याएको देखिन्छ । यस्ता गतिविधिहरुले देशकै बदानाम गर्ने हुनाले कार्यकर्ता नभएर नेपाली हुँ भन्ने भावानाले सम्मान गर्न सक्नुपर्दछ ।

रास्वपाका सभापति रवि लामिछानेलाई सहकारी ठगिको मुद्दामा प्रकाउ गरी कास्की जिल्ला अदालतले पोखरामा थुनामा राखि अनुसन्धानको प्रकृया अगाडि बढाएको छ, तर रास्वपाका कार्यकर्ताहरु देशभरबाट नै पोखरामा जुलुससहित नारा लगाउँदै विरोध गरिरहेका छन् । उनलाई मुद्दा लागिसकेपछि अदालतले छानविन गर्नु सामान्य कुरा हो, तर रास्वपाले त्यसरी विरोध गर्नु गलत कदम हो, यदि रास्वपा पुराना दलभन्दा फरक विचार र उद्देश्यसहित देश परिवर्तन गर्न आएको हो भने उहीं पुराना दलका जस्तै व्यवहार देखाउनु भनेको नेपालको राजनीतिमा थप अराजकता निम्त्याउनु हो ।

सत्ता बाहिर रहँदा घाँटी सुक्ने गरी चिच्याउने, तर सत्तामा पुगेपछि चुइक्क पनि नबोल्ने युवा नेताहरुले आफ्नो पार्टीका नेताहरुबिच लागेका आरोपहरुमा पनि आवाज उठाई कानुनी दायराभित्र ल्याउन सक्नुपर्दछ, होइन भने देशका लागि युवा नेताहरु झन घातक भएर निस्कने छन् । यतिबेला केपी शर्मा ओलीको सरकारले रविलाई पक्राउ गरेसँगै केही आलोचना पनि खेपिरहेको छ, तर यही समयमा कांग्रेस, एमाले, माओवादीलगायत अन्य दलहरुका आरोपित उच्च तहका नेताहरुलाई पनि पक्राउ गरी कानुनी दायराभित्र ल्याई छानविन गर्न सक्ने हो भने राजनीतिको प्रतिशोधभन्दा पनि सरकारको कडा कदम भनेर सहजै स्वीकार गर्न सकिने अवस्था आउँछ, साथै नागरिकहरु पनि सरकार माथि विश्वास र भरोसाको वातवरण सिर्जना गर्नमा मद्दत पुऱ्याउन सक्दछन् ।

केही वर्ष पहिलासम्म राजनीति दलहरुले विरोधको सन्दर्भमा देश पूर्णरुपमा बन्द गर्ने, यातायातका साधनहरु जलाउने, तोडफोड गर्ने, उच्छृंखल र हिंसात्मक अराजक घटनाहरु घटाउने र सर्वसाधारण नागरिकहरुलाई निकै सास्ति दिने गर्दथे, तर पछिल्ला समय त्यस्ता कामहरु भएका छैनन्, तर नेता तथा कार्यकर्ताहरुले विरोध गर्नुको औचित्यबारे पूर्ण जानकारी हुन जरुरी छ । देशमा केही गर्छु भनेर आएका नयाँ दलहरुले पनि परिवर्तन मिठा-मिठा कुरा र कागजी पानामा मात्र होइन व्यवहारमा पनि लागु गरी आफ्ना कार्यकर्ताहरुलाई पनि सचेत बनाउन जरुरी छ । पछिल्लो समय सामाजिक सञ्जालमा हेर्ने हो भने अराजक निम्त्याउने पुराना दलका नेता र कार्यकर्ताहरु त थिए नै त्यो भन्दा अझ उग्र नयाँ दलका नेता र कार्यकर्ताहरुमा देखिन्छ त्यसैले देशमा बढ्दो राजनीति अराजकताप्रति नेता तथा स्वयम् कार्यकर्ताहरु पनि सचेत र जिम्मेवारी हुन जरुरी छ ।

सत्यवती-२, चेहेमी गुल्मी हाल जापान ओसाका

सेयर बजार २०.४१ अंकले घट्यो

काठमाडौं । साताको चौथो कारोबार दिन बुधबार नेपाल स्टक एक्सचेञ्ज परिसूचक (नेप्से) घटेको छ । यो दिन परिसूचक २०.४१ अंकले घटेर २ हजार ६ सय ४५ दशमलव ३९ अंकमा झरेको हो । बुधबार बजारमा ६ अर्ब २७ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

यो साता आइतबार र सोमबार बजार परिसूचक उच्च घटेको थियो । मंगलबार केही बढेको बजारले बुधबार फेरि करेक्सनको बाटो लिएको हो । घट्दो बजारबिच कारोबार रकमले भने साथ दिएको छ । बजार बढे पनि बुधबार कारोबार रकम ४ अर्ब ७ करोड रुपैयाँमा सीमित भएको थियो । यसको तुलनामा बुधबारको कारोबार झण्डै ५४ प्रतिशत बढी हो ।

बुधबार बजारमा १५५ कम्पनीको मूल्य घट्दा ७६ कम्पनीको मूल्य बढेको छ । १३ कम्पनीको मूल्य भने स्थिर रहेको देखिन्छ । घट्दो बजारमा बुधबार फाइनान्स र ट्रेडिङ बाहेक सबै परिसूचकहरु नकारात्मक देखिएका छन् । फाइनान्स परिसूचक सबैभन्दा बढी २.३२ प्रतिशतले बढ्दा बैंकिङ परिसूचकले १.७० प्रतिशतले घटेको छ ।

बुधबार बैंक तथा वित्तीय संस्थाको पहिलो त्रैमासिक विवरण प्रकाशित भएको छ । यो विवरणलाई लगानीकर्ताले नपत्याउँदा बैंकिङ परिसूचकमा उच्च गिरावट आएको देखिन्छ ।

बुधबार बजारमा आइसीएफसी फाइनान्सको मूल्यमा सकारात्मक सर्किट लाग्दा समृद्धि फाइनान्सका लगानीकर्ताले ९ प्रतिशत बढी कमाएका छन् । महुली लघुवित्त बुधबार सर्वाधिक मूल्य गुमाउने कम्पनी बनेको छ । बजारमा बुधबार आइसीएफसी बैंकको सर्वाधिक ४३ करोड रुपैयाँको कारोबार भयो । कारोबार संख्याको आधारमा पनि सोही फाइनान्स अगाडि रहँदा शेयर संख्याको आधारमा भने कुमारी बैंक सबैभन्दा अघि रहेको देखिएको छ ।

आज पोलियोविरुद्ध रोटरीको वृहत् कार च्याली

बुटवल । अन्तर्राष्ट्रिय पोलियो दिवसको अवसरमा आज (बिहीबार) वृहत् कार च्याली गरिने भएको छ । रोटरी आरआई डिष्ट्रिक ३२९२ नेपाल-भुटान रिजन ५ अन्तरगतका रोटरी क्लबहरुको आयोजनामा रुपन्देहीमा 'पोलियो अब अन्त्य गर' नारासहित ब्यानर, डिजिटल डिस्प्लेसहित कार च्याली गरिने भएको हो । रोटरी डिष्ट्रिक्ट पोलियो प्लस कमिटि चेयर ध्रुव धितालले पोलियो अन्त्य गर्ने अभियानमा रोटरीको महत्वपूर्ण योगदान रहेको भन्दै यसमा सबैको साथको अपेक्षा गरे । नेपालको रिजन १,२ र ३ मा साइकल च्याली, रिजन ४ मा सडक नाटक तथा पाँचमा कार च्याली, प्लेकार्ड र ब्यानरलगायतका सचेतनामूलक कार्यक्रम गर्न लागेको उनले बताए ।

रुपन्देहीका हाईवेमा रहेका फ्लाईओभरसहित विभिन्न स्थानमा 'पोलियो अब अन्त्य गर' को ब्यानर, प्लेकार्ड लगाउने कार्यक्रम रहेको उनले बताए । यसैगरी विभिन्न स्थानका डिजिटल बोर्डहरुमा साझ ६ बजे १८ र १४ सेकेण्डका सचेतनामुलक भिडियो प्रदर्शन गर्ने उनले बताए । विशेष गरी बुटवल, भैरहवा, सैनामैनालगायतका क्लबहरुको बुटवल गोलपार्क हुँदै भैरहवासम्म कार च्यालीमा सहभागिता रहने उनले बतए । पाल्पामा ३ वटा क्लबहरु र दाङमा समेत क्लबहरुबाट कार्यक्रम हुने उनले जनाए ।

कार्यक्रममा रोटरी क्लब अफ बुटवलका अध्यक्ष प्रज्ज्वल थान्जुले पोलियो सचेतना र उन्मूलनमा रोटरी इन्टरनेशनलको योगदानबाट सफलता मिलेको दाबी गर्दै केही देशहरुमा अझैं पनि यसको समस्या रहेको हुँदा पनि विश्वबाट नै उन्मूलनको अभियान अझैं चलाउन जरुरी रहेको बताए । यस क्षेत्रमा जनस्वस्थ्यसँग समन्वय गरी भ्याक्सिनेसनको अभियान समेत चलाउने तयारी रहेको उनले बताए ।

कार्यक्रममा रिजन पाँचका पोलियो प्लस कमिटि चेयर जितेन्द्र शर्मा, रोटरी क्लब अफ रुपन्देहीका अध्यक्ष प्रमोद पंन्थी, रोटरी क्लब अफ मेडिको फ्युजन ई हाईब्रिडका अध्यक्ष डा.विक्रम काफ्लेले शिक्षा, स्वस्थ्य, खानेपानी, वातावरण र सरसफाइको क्षेत्रमा समुदायस्तरमा रोटरी क्लबबाट निरन्तर कार्यक्रमहरु हुने गरेको बताए । रोटरी हाल २०८ देशमा १२ लाख सदस्यहरु आबद्ध रहेको सामाजिक संस्था समेत रहेको छ ।

मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी दुई दिने अभिमुखीकरण

गौरीशंकर जयसवाल
परासी

पश्चिम नवलपरासीमा मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी दुई दिने समीक्षा तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय नवलपरासीको आयोजनामा मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी दुई दिने समीक्षा तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो । दुई दिनसम्म सञ्चालीत समीक्षा तथा अभिमुखीकरण कार्यक्रममा आमा सुरक्षासम्बन्धी र जिल्लामा एनटी सर्क गार्मेन्टसम्बन्धी बर्थिङ दक्ष प्रसूतिकर्मी र सात वटा स्थानीय तहका नर्सिङ फोकल पर्सनले तालिम दिइएको स्वास्थ्य कार्यालय नवलपरासीका कार्यालय प्रमुख गौरब ढकालले जानकारी दिए ।

उनको अनुसार आमाको मृत्युदर घटाउने र शिशुको मृत्युदर घटाउने तथा जटिलता व्यवस्थापन गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो । तालिममा सिकेका कुरा व्यवहार उर्तन र बिरामीहरुलाई गुणस्तरीय सेवा दिन सबै सहभागीहरुलाई आग्रह ढकालले गरेका थिए ।

जिल्लामा आर्थिक वर्ष २०८०।०८१ मा कम्तीमा एक पटक सुत्केरी जाँच गराउने संख्या १०८ प्रतिशत रहेको छ भने प्रोटेकल अर्थात् गर्भवती भएपछि ८ पटक जाँच गराउने संख्या ५३ प्रतिशत रहेको स्वास्थ्य कार्यालयकी पब्लिक हेल्थ नर्सिङ अधिकृत कल्पना पौडेलले जानकारी दिइन । गतवर्ष संस्थागत सुत्केरी गराउनेको संख्या ३८.८ प्रतिशत रहेको र संस्थागत सुत्केरी गराउने सबैभन्दा रामग्राम नगरपालिका रहेको पौडेलले बताइन ।

आमा सुरक्षासम्बन्धी तालिम र जिल्लामा एनटी सर्क गार्मेन्टसम्बन्धी स्वास्थ्य कार्यालयकी पब्लिक हेल्थ नर्सिङ अधिकृत कल्पना पौडेलले प्रशिक्षण दिइएकी थिइन भने जिल्लामा पहिलो पटक एनटिसर्क गार्मेन्ट र जटिलतासम्बन्धी सिअनमी गंगा भट्टराईले दिएकी थिइन ।

बर्थिङ दक्ष प्रसूतिकर्मी र सात वटा स्थानीय तहका नर्सिङ फोकल पर्सन गरी करिब ३५ जनाको सहभागिता रहेको थियो । जिल्लामा १९ वटा बर्थिङ सेन्टर रहेको स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ ।

सरकारले...

निजी क्षेत्रको लगानीको सुरक्षा गर्नसरकारले योजना बनाएको जानकारी दिँदै मन्त्री ढकालले नीतिका कारण व्यवसायी मर्कामा पर्न नहुनेगरी प्रदेश सरकारले नीति बनाउने बताए । निजी क्षेत्र र सरकारकोबिचमा देखिएका समस्या समाधानका लागि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने मन्त्री ढकालको भनाइ थियो । कार्यक्रममा जिआईजेडका वरिष्ठ सल्लाहकार शिवराज भट्ट, टक्सार म्यागेजिनका सम्पादक किरण आचार्य, कार्यकारी सम्पादक हिम विष्ट, प्रदिप आचार्य, पत्रकारहरु मोदनाथ ढकाल, सविन धमलालगायतले आफ्ना भनाइहरु राखेका थिए । आर्थिक पत्रकार ढकालले नेपालको निर्यात र व्यापार घाटाको अवस्था दयनीय रहेको तथ्यांक प्रस्तुत गरेका थिए । नेपालमा ९१ प्रतिशत आयात हुंदा ९ प्रतिशत मात्रै निर्यात हुने गरेको भन्दै पत्रकार ढकालले नेपालमा वार्षिक १४ खर्बको व्यापार घाटा भइरहेको जानकारी गराए ।

भोजभतेर...

सार्वजनिक प्रशासनका सबै क्षेत्रहरुमा नैतिकता प्रवर्द्धन गरी निष्पक्ष, पारदर्शी, जवाफदेही, मितव्ययी तथा जनउत्तरदायी रुपमा शासकीय क्रियाकलापहरु सञ्चालन गर्ने योजना बनाइएको मुख्यमन्त्रीको दाबी छ । कार्यक्रममा दाङ, बाँके र बर्दिया जिल्लाका प्रदेशसभा सदस्य, स्थानीय तह तथा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरुको सहभागिता थियो । कार्यक्रममा प्रदेश सचिव कृष्ण पौडेलले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनिकरणबारे पाँच वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुति राखेका थिए ।

सरकारको...

विपक्षी दलका नेताहरूले सरकारको गति र मति सकारात्मक दिशामा नभएको, बाढी पहिरोमा संवेदनशील नभएको र सुशासनमा कमजोर देखिएको पनि राष्ट्रपतिलाई सुनाए । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहित विपक्षी दलका नेताहरू राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न शीतलनिवास पुगेका थिए ।

शीतलनिवास पुग्नेमा नेकपा माओवादी केन्द्रबाट प्रचण्ड र शक्तिबहादुर बस्नेत, नेकपा एकीकृत समाजवादीबाट माधवकुमार नेपाल र राजेन्द्रप्रसाद पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र सुमना श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बुद्धिमान तामाङ र हेमजङ गुरुङ, आम जनता पार्टीबाट तिलक थापामगर थिए । प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दल विभाजन गर्न अध्यादेश ल्याउन खोजेको आशंका गर्दै उक्त विधेयक आएमा जारी नगर्न राष्ट्रपतिलाई आग्रह गर्ने निर्णय विपक्षी दलहरूले गरेका थिए ।

यसअघि सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई विपक्षी दलहरूका तर्फबाट १३ बुँदे ज्ञापनपत्र बुझाइएको थियो ।

विपक्षी दलहरूको समूहमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकीकृत समाजवादी पार्टी र आम जनता पार्टी छन् ।

राष्ट्रपतिको सचिवालयले दिएको जानकारी अनुसार, प्रतिपक्षी दलहरूले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएको सन्दर्भमा सरकारबाट भएका कमीकमजोरीहरूबारे राष्ट्रपतिलाई जानकारी दिएका थिए ।

प्रतिपक्ष दलका नेताहरूले वर्तमान परिस्थितिबारे जानकारी दिन आफूहरू आएको बताउँदै लोकतन्त्र र संविधानको संरक्षकको भूमिका निर्वाह गर्न आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए ।

संविधानको मर्मविपरीत र बहुलवादको मर्मविपरीतका कतिपय क्रियाकलाप हुन लागेको तर्क गर्दै यसमा संविधानको संरक्षक र देशको अभिभावकका हैसियतमा भूमिका निर्वाह गर्न विपक्षी दलहरुले आग्रह गरेका पोखरेलले जानकारी दिए । 'सो असरमा राष्ट्रपति पौडेलले आफू संविधान, राष्ट्र र राष्ट्रिय एकताको प्रर्वद्धनमा प्रतिबद्ध रहेको बताउँदै संविधानले आफूलाई दिएको कर्तव्य र सीमाअनुसार अगाडि बढ्ने कुरामा विश्वस्त हुन आग्रह गर्नुभयो ।'-उनले भने ।

राष्ट्रपतिले संविधानको मर्म र लोकतन्त्रको मर्मलाई हेरेर संविधानद्वारा निर्धारित राष्ट्रपतिको कर्तव्य र सीमालाई हेरेर काम गर्ने कुरामा विश्वास दिलाएको पोखरेलले बताए ।

सरकारका...

प्रधानमन्त्री ओलीले सरकारको सय दिनको उपलब्धिमा दूध किसान र उखु किसानले भुक्तानी पाएको विषय पनि उल्लेख गरेका छन् ।

प्रधानमन्त्री ओलीले राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता नगर्ने बताएका छन् ।

उनले भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्न नहुने भएकाले यसले सुशासनको प्रणालीका रुपमा गति लिनु पर्छ भन्नेमा सरकार स्पष्ट रहेको दाबी गरे ।

कालिका मन्दिरमा रु ४५ लाख भेटी सङ्कलन

गलकोट । बागलुङ कालिका मन्दिरमा बडादसैँमा असोजमा रु ४५ लाख भेटी सङ्कलन भएको छ । बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले असोजमा रु ४५ लाख २७ हजार भेटी तथा अन्य क्षेत्रबाट आम्दानी भएको जनाएको छ ।

बडा दसैँ र चैते दसैँमा कालिका मन्दिरमा सबैभन्दा बढी भेटी सङ्कलन हुने गरेको छ । दसैँमा मात्रै वर्षभरी हुने भेटीमध्ये ६० प्रतिशत सङ्कलन भएको गुठीका अध्यक्ष कुमार खड्काले बताए ।

असोजमा भेटीमार्फत रु २२ लाख ८० हजार, परेवा बिक्रीबाट रु ११ लाख ३६ हजार दुई सय ५०, सटर भाडा रु तीन लाख ८५ हजार, बोकाको बली शुल्कबाट रु चार लाख चार हजार, चामल बिक्रीबाट रु ९६ हजार सङ्कलन भएको छ । साथै कुखुरा बली शुल्कबाट रु ३० हजार आठ, राँगा बलीबाट रु १८ हजार चार सय, विवाह शुल्क रु १० हजार पाँच सय, आर्थिक सहयोग रु एक लाख ४७ हजार आठ सय ७१, पण्डितबाट प्राप्त शुल्क रु १६ हजार चार सय र व्रतबन्धबाट रु तीन सय आम्दानी भएको समितिका अध्यक्ष खड्काले जानकारी दिए ।

साथै असोजमा विभिन्न शीर्षकमा रु १३ लाख ९० हजार खर्च भएको जनाइएको छ । अध्यक्ष खड्काले दिएको जानकारीअनुसार तलब, पूर्वाधार, कर्मचारी सुविधा, पानी, विद्युत्लगायत उक्त रकम खर्च भएको छ ।

चाडवाडको समयमा कालिका मन्दिर दर्शन गर्नेको संख्यामा उल्लेख्य वृद्धि भएको छ । दसैँमा मात्रै चार लाख दर्शनार्थी मन्दिर दर्शनका लागि आएको गुठीको तथ्याङ्क रहेको छ । गत चैते दसैँमा पनि रु ४० लाख भेटी सङ्कलन भएको थियो ।

बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि.को बिमालेख यही मिति २०८१/०५/२५ गते सन्धिखर्कदेखि भूमिकास्थान ढिकुरा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

नाम	:	मनोज चुदाली
ठेगाना	:	सन्धिखर्क, अर्घाखाँची
बिमालेख नं.	:	1710008265
सम्पर्क	:	९८४७४४४६५५

कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८१/०७/०८

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कार्य विवरण	फर्म तथा कम्पनीको नाम	कबोल अंक (मु.अ.क.समेत)	कैफियत
11/REV/KM/2081/82	वडा नं. ३, केरुंगे खोला किनार सिशौघारीमा भएको नदी जन्य पदार्थ डम्पिंग लिलाम बिक्री	रोज डेभलपर प्रा.लि. टोखा-२ काठमाडौं	५८,६०,५०३.९५	

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
रामग्राम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी –ब.सु.प.)
लुम्बिनी, नेपाल

रामग्राम नगरपालिका क्षेत्रभित्र संचालन अनुमति तथा रुट इजाजतका लागि विद्युतिय रिक्सा तथा पेट्रोलबाट चल्ने टेम्पुहरु दर्ता आह्वान सम्बन्धि सार्वजनिक सूचना ।

सूचना प्रकाशित मिति : २०८१।०७।०७

रामग्राम नगरपालिकाको विद्युतिय रिक्सा संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०७७ बमोजिम विद्युतिय रिक्सा तथा पेट्रोलबाट चल्ने टेम्पुलाई रुट ईजाजत तथा संचालन अनुमति प्रदान गर्ने प्रयोजनका लागि आवेदन आह्वान गरिएको हुदाँ तोकिएको समयभित्र रामग्राम नगरकार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नु हुन यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।

मापदण्ड:

१. नेपाली नागरिक भई नागरिकताको प्रमाण पत्र भएको भएको हुनु पर्ने ।
२. ई.रिक्सा /टेम्पु धनी स्वयं चालक भई स्वरोजगार भएको हुनु पर्ने ।
३. चालकको नाममा बिलबुक (एकाघरको नाममा विलबुक भएपनि हुने), लाईसेन्स र सवारी साधनको विमार प्रदुषण जांचको प्रमाण भएको ।
४. महिला स्वरोजगारलाई पहिलो प्राथमिकता ।
५. यातायात व्यवस्था कार्यालयमा दर्ता भएको हुनुपर्ने तथा विलबुक विमानविकरण र प्रदुषण जांचको प्रमाण हुनुपर्ने ।
६. एक व्यक्ति एक ई रिक्सा /टेम्पु मात्रभएको ।
७. रामग्राम नगरपालिकाबाट ई रिक्सा /टेम्पुको इजाजत यस अघि लिएकोले पुनःलिनु नपर्ने ।
८. एकाघरको परिवारको हकमा एक ई रिक्सा /टेम्पुको इजाजत दिईने छ ।
९. प्राविधि खराबी भएका, च्याचिस नम्बर स्पष्ट नभएका, थोत्रा तथा विभिन्न प्रचार सामाग्री राखिएका ई रिक्सा /टेम्पुलाई दर्ता प्रकृयामा सहभागी गराइने छैन ।

आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रतिलिपि ।
ख) चालकको नाममा विलबुक (एका घरको श्रीमान,श्रीमती, छोरा, छोरीको नाममा विलबुक भएपनि मान्य हुने)लाईसेन्स र विमाको प्रतिलिपि ।
ग) पेट्रोल टेम्पुको हकमा२०८१ आषाढ मसान्तभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता भई पंजिकृत भएको कागजातको प्रतिलिपि ।
ङ) तोकिएको ढांचामा निवेदन फारम (कार्यालयमा निःशुल्क फारम उपलब्ध हुनेछ ।
च) पासपोर्ट साईजको फोटो २ प्रति ।
छ) पेट्रोलबाट चल्ने टेम्पुको हकमा यातायात व्यवस्था कार्यालयमा दर्ता भएको रुट इजाजत, दर्ता प्रमाणपत्र, बीमा र प्रदुषण जांचको प्रमाण पत्र ।
ज) निवेदन पेश गर्नु पर्ने अन्तिम मिति २०८१।७।२८ गते कार्यालय समय भित्र (सो दिन विदा हुन गएमा सोको भोली पल्ट सम्म) थप जानकारीको लागि रामग्राम नगरपालिकाको कार्यालय राजश्व उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

यमबहादुर कुंवर
प्रमुख प्रशासकिय अधिकृत

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

रु.जि.हु.द.न.१३/०६३/०६४

२०८१ कार्तिक ०८, गते बिहीबार
Thursday Oct. 24, 2024

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

रामग्रामका उद्योगका उत्पादन तेश्रो मुलुक निर्यात

केशव पराजुली
नवलपरासी

पश्चिम नवलपरासीमा स्थापना भएका ठूला उद्योगले उत्पादन गरेका औद्योगिक बस्तु भारत तथा तेश्रो मुलुकमा निकासी गरेबापत उद्योग वाणिज्य संघ पश्चिम नवलपरासीलाई वार्षिक ५ लाख ५० हजार आम्दानी हुने गरेको छ। रामग्राममा स्थापना भएका उद्योगहरुद्वारा भारत तथा तेश्रो मुलुक सामान निकासी गर्दा लाग्ने शुल्कप्रति एक सय रुपैयाँमा ९ पैसा उद्योग वाणिज्य संघलाई तिर्नु पर्दछ। उक्त ९ पैसाबाट जिल्ला संघले साढे ४ पैसा पाउने गर्दछ भने बाँकी नेपाल उद्योग वाणिज्य महासंघलाई पठाउनु पर्दछ।

जिल्लामा दर्जन बढी ठूला उद्योगहरु रहेको भए पनि आधा दर्जन बढी उद्योगहरुले आफ्ना उत्पादन भारत तथा तेश्रो मुलुक पठाउने गरेको उद्योग वाणिज्य संघ पश्चिम नवलपरासीका कार्यकारी सचिव रामाशंकर कुर्मीले बताए।

ठूला उद्योगहरुले उत्पादन गरेका औद्योगिक बस्तुबाट आउने शुल्कले संघलाई आर्थिक टेवा पुगेको छ। जिल्ला विभाजन र स्थानीय तहमा खुलेका संघहरुका कारण संघ आर्थिक संकटबाट गुज्रिरहेको अवस्थामा ठूला उद्योगले उत्पादन गरेका औद्योगिक बस्तु भारत तथा तेश्रो मुलुक निकासीबापत प्राप्त हुने शुल्कले संघलाई आर्थिक टेवा पुगेको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशव भन्डारीले बताए।

जिल्लाको रामग्राम नगरपालिका रहेको गणेशा ओभरसिस प्रालिले प्लास्टिक चिप्स उत्पादन गर्ने गरेको छ। प्रतिदिन २५ देखि ३५ टन उत्पादन गर्ने चिप्स भारत निकासी हुने गरेको छ। पानी खाएर जथाभाबी रुपमा बजारमा फालिने पानीका खाली बोतलहरु खरिद गरेर उद्योगले चिप्स उत्पादन गर्ने गरेको छ। उत्पादित चिप्स भारतमा पठाइने र भारतमा फाइवर बनाउने र त्यसबाट पोलिस्टरका कपडा, काप्रेडलगायतका सामान बनाउने गरेको उद्योगका प्रतिनिधि राकेश शर्माले जनाए।

रामग्राम नगरपालिका वडा नम्बर १ मा रहेको जयश्री श्याम कत्था उद्योगले पनि उत्पादन गरेको कत्था भारत निकासी गर्दै आएको छ रामग्राममा स्थापना भएको ब्रजेश्वरी ईण्डष्ट्रिज प्रालिले उत्पादन गर्ने डाइपर भारत पठाउने गरेको छ। गत वर्ष जिल्लाका उद्योगहरुले भारत तथा तेश्रो मुलुकमा १ अर्ब १३ करोडको सामान निकासी गरेको उद्योग वाणिज्य संघका कार्यकारी सचिव कुर्मीले बताए।

रामग्राम वडा नम्बर ११ मा रहेको भुसाल प्लाइ एण्ड ब्याम्वो इण्डष्ट्रिजले पनि उत्पादित प्लाइ तेश्रो मुलुक निकासी गर्ने गरेको छ। रामग्राम १६ मा रहेको एसस्यन कंक्रिटो प्रालिले आफ्नो उत्पादन ब्लक भारत निकासी गर्दै आएको छ। भारतको अयोध्यामा लगाइएको ब्लक एशियन कंक्रिटो प्रालिले उत्पादन गरेको ब्लक रहेको थियो।

जिल्लाका सिमेन्ट उद्योगहरु पाल्पा सिमेण्ट इण्डष्ट्रिज, सर्वोत्तम सिमेण्ट लिमिटेडलगायतका उद्योगले आफ्ना उत्पादन भारत तथा तेश्रो मुलुक निकासी गर्ने गरेको उद्योग वाणिज्य संघ पश्चिम नवलपरासीले जनाएको छ। संघको यसका अवला वार्षिक शुल्कबाट आम्दानी हुने गरेको छ। जिल्लामा रहेका ठूला उद्योगहरुबाट ७ हजार, मझौला उद्योगबाट ४ हजार र साना उद्योगबाट २ हजार सदस्यता शुल्क लिने गरेको उनले जानकारी दिए।

वार्षिक सात टन मह उत्पादन गरेका पौरखी घर्ती

घोराही । घोराही उपमहानगरपालिका-१८ सुपैला खुटीका ५७ वर्षीय श्रीधन घर्ती हिजोआज मौरी स्याहारमा व्यस्त छन्। लामो समय वैदेशिक रोजगारीमा जीवन बिताएपछि उनले व्यावसायिक रूपमा मौरीपालन थालेका हुन्।

हाल उनको फार्ममा एक सय ५० मौरीसहितका घार छन्। उनले वर्षमा सात टन मह उत्पादन गरेर लोभलाग्दो आम्दानी पनि गर्दै आएका छन्। मौरीपालन गर्न सिकेपछि व्यावसायिक रूपमा लागेका उनको घरबाटै मह बिक्री हुनेगरेको छ। वार्षिक रु १६ लाखको कारोबार गरिरहेका पौरखी घर्तीले रु सात लाख बचत हुने बताए। एक किलो मह रु पाँच सयमा बिक्री गर्दै आएको उनले सुनाए।

वर्षा र शिशिर याममा विशेष ध्यान दिएमा मौरीपालनबाट प्रशस्त प्रतिफल लिन सकिने भन्दै उनले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको बताए। गुणस्तरीय मह भएकाले अधिकांश मह घरबाटै बिक्री हुने गरेको उनी बताउँछन्। मौरीपालन व्यावसायिक रूपमा सुरु गरेदेखि अहिलेसम्म आम्दानीका लागि अन्य कुनै पनि स्रोत खोज्न नपरेको उनको भनुभव छ।

बुद्यौलीमा अन्य पेसा गर्न नसिकरहेको अवस्थामा मौरीपालन व्यवसाय निकै सहज भएको उनी बताउँछन्। यस व्यवसायमा अलि बढी अध्ययनशील हुन आवश्यक रहेको छ, चरनका लागि घोराही उप-महानरपालिकाको माथिल्लो भेगतिर लैजाने गरेको उनले बताए।

बीपीस्मृति कपः

सेमिफाइनल समीकरण पूरा, श्रीलंका बाहिरियो

भैरहवा । भैरहवामाजारी 'वीपीकोइराला स्मृतिकप टी-२०' अन्तर्राष्ट्रिय अन्तरक्लब क्रिकेट प्रतियोगितामा सेमिफाइनल समिकरण पूरा भएको छ।

बुधबारको पहिलो खेलमा अली हुसेनको सम्हालिएको ब्याटिङ र समोनको उत्कृष्ट बलिङमा पाकिस्तानको जावेद गोहार इन्टरनेशनल क्रिकेट एकेडेमी सेमिफाइनल प्रवेश गरेको छ। जावेद गोहारले श्रीलंका राज्य सेवाक्रिकेट संघ श्रीलंकालाई ४७ रनले पराजित गर्दै सेमिफाइनल यात्रा पक्का गरेको हो। पास्तिानसँग पराजित भएसँगै श्रीलंकन टिम भने प्रतियोगिताबाट बाहिरिएको छ।

दोस्रो खेलमा दुई खेलाडीको अर्धशतकको मद्दतमा भारतको लाइफ केयर क्रिकेट क्लबले बंगलादेशको साइक्यू क्रिकेट एकेडेमीमाथि ६३ रनको सहज जित निकाल्यो। यी दुबै टीम यसअघि नै सेमिफाइनल पुगिसकेका छन्। मेसिफाइनल पुग्नेमा नेक्सस रुपन्देही-११ पनि छ।

बुधबार सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको पाकिस्तानको जावेद गोहारले निर्धारिता खेलमा ६ विकेटको नोक्सानीमा १ सय ३७ रन बनायो। उसकालागि अली हुसेनले ५९ बलमा ७ चौकाको मद्दतमा ५८ रनको इनिङ खेले। यस्तै, ऋषभ जोशीले अविजित १६, इमरान नाजिरले १४, वष्मन सफीले १२ र रमिस्नले १० रन जोडे। बलिङमा श्रीलंका राज्य सेवाका समन कुमारा र तुसारा लक्ष्मीपागले २-२ तथा ननीवा सुपाली र इन्दुमल प्रसादले १-१ विकेट लिए।

१ सय ३८ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको श्रीलंका राज्य सेवा १७ ओभर २ बलमा सबै विकेट गुमाउँदै ९० रनमै समेटियो र प्रतियोगिताबाट बाहिरियो। उसलाई सस्तैमा रोक्न बलिङमा पाकिस्तानको जावेद गोहारका समोनले ४ ओभरमा १४ रन खर्चेर ४ विकेट हातपारे। यस्तै, ऋषभ जोशी र रामिसले २-२ तथा जेम खान र अली अन्सारीले १-१ विकेट लिन सफल भए। श्रीलंका राज्यसेवाका समन कुमारालेे ३९ र तुसारा लक्ष्मीपागले २३ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम सेमिफाइनल पुग्नबाट चुक्यो।

दोस्रो खेलमा सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको लाइफ केयरले ४ विकेटको नोक्सानीमा १ सय ८९ रनको बलियो योगफल बनायो। उसकालागि जस्मित नैन र विपुलले अर्धशतक प्रहार गरे। जस्मितले अविजित ७२ र विपुलले ७१ रन जोडे। यस्तै, दीपक पुनियाले २० र शुभमले नटआउट १० रनको योगदान गरे। बलिङमा साइक्यूका मोहम्मद ओमरले २ तथा कृष्ण कुमार र राकिव अहम्मदले १-१ विकेट लिए।

१ सय ९० रनको लक्ष्य पछ्याएको साइक्यूले ९ विकेटको क्षतिमा १ सय २६ रन मात्रै बनायो र हार व्यहोर्यो। उसकालागि सहदाज रहमानले २७, कृष्ण कुमारले १८ र आषिश पजाहकले १४ रन बनाए। बलिङमा लाइफ केयरका दीपक पुनिया, योगेश कुमार र रोहित डङ्गवालले २-२ विकेट लिए। खेलमा जस्मित नैन म्यानअफ द म्याच भई पाँच हजार रुपैयाँ प्राप्त गरे।

नेक्सस क्रिकेट एकेडेमीको आयोजना र रुपन्देही क्रिकेट संघको प्राविधिक सहयोगमा जारी प्रतियोगिता कार्तिक १० गतेसम्म संचालन हुनेछ। प्रतियोगितामा विजेता टीमलाई ५ लाख र उप-विजेतालाई ३ लाख रुपैयाँ पुरस्कार प्रदान गरिने छ। त्यस्तै म्यान अफ द सिरिजलाई ३५ हजार, बेस्ट बलरलाई २० हजार, बेस्ट ब्याट्स म्यानलाई २० हजार र प्रत्येक खेलको म्यानअफ द म्याचलाई ५ हजार प्रदान गरिने आयोजक संस्थाका अध्यक्ष भरतबहादुर शाहीले जनाए।

गुमनामपछि सडकमा भेटिए जीवन ...

प्रेम सुनार
गुल्मी

जिल्लाका पुराना नेताहरु मध्येको एउटा चर्चित नाम हो, जीवन राना। अहिले जीवन राना व्यक्ति छ, नाम छैन। किन कि उससँग दाम छैन।

२०५४ देखि २०७० को दशकसम्म जीवन राना राष्ट्रिय जनमोर्चा गुल्मीको पार्टी अध्यक्षका रुपमा निकै चर्चित नाम हो। फरासिलो, हंशमुख चेहरा, कसैलाई वचनले पिर्न नजानेको सोझो मगरको छोरा। निष्ठाको राजनीतिभन्दा दायाँ-बायाँ गर्न नसकेको नेताका रुपमा परिचित उनी सदरमुकाम तम्घासदेखि विकट मानिने सत्यवती गाउँपालिका ३ ठूलो लुम्पेकका बासिन्दा हुन्।

उनी २०५० को दशकदेखि हालसम्म सदरमुकाम तम्घासमा सबैभन्दा पछाडि परेको गाउँ बुढीचौरमा सपरिवार बसोबास गर्छन्। राजनीतिसँगै कृषि पुशुपालनमा रम्दै आएका उनी झण्डै ९ वर्षसम्म प्यारालाइसिस बिमारको शिकार हुन पुगे ।

त्यस अवधीमा जीवन रानाको आर्थिक अवस्था निकै दयानीय बन्न पुग्यो। श्रीमती, एक छोरा र एक छोरीको जीवन निर्वाह चलाउन हम्मेहम्मे परिरहेको बेला उनललाई प्यारालाइसिस बिमारले गाँजेपछि ठूलो बिचल्ली आई लाग्यो।

साविक जिल्ला विकास समिति छउँञ्जेल विकास निर्माण फाँडफाँडको राजनैतिक संयन्त्रमा रहेका रानाको त्यो अवस्था आएपछि तम्घास सहिदचोक नजिकै जिल्ला विकास समितिकै सहयोगमा बनेको सार्वजनिक शौचालय प्रयोगमा आउन नसकेको अवस्थामा त्यही शौचालयको बाहिर पट्टि यहाँको राजनैतिक संयन्त्रले उनका दुई छोरीहरुलाई सानोतिनो पसल राख्न दियो। कहिले घर त कहिले अस्पतालमा जीवन राना प्यारालाइसिस बिमारसँग लडिरहेपछि उनको नाम गुमानाम बनिसकेको थियो।

तर एक्कासी आजकल उनी डुलुवा व्यापारिका रुपमा तम्घास बजारमा फेला पर्न थालेका छन्। हातमा च्याउको झोला बोक्दै च्याउ आयो च्याउ आयो भन्दै तम्घासका पसल-पसल र घर-घरमा भेटिंदा जीवन रानाको त्यो चर्चित नाम यहाँका बासिन्दाले स्मरण गर्न थालेका छन् र जीवनका हरविपद्बाट हरेस खान हुँदोरहेनछ भन्ने शाहस बटुल्न थालेका छन्।

किनकी राना यो अवस्थामा फर्किएलान भन्ने उनको त्यति बेलाको स्वास्थ्य अवस्थाले आश गर्न सकिदैन्थ्यो। मैले पनि उनलाई नदेखेको धेरै भइसकेको थियो। कहिले काँही सम्झिन्थे जीवन सर कहाँ हुनुहुन्छ होला भनेर। तर पछिल्लो दुई हप्तामा मैले उनलाई दुई पटक देखे।

एक पटक तम्घास बजारमा च्याउ बेच्दै हिंडेको अवस्थामा। अर्को पटक यही कार्तिक ७ गते तम्घासबाट परात्मीतर्फ मोटरसाइकलमा चढेर हिडिरहेको अवस्थामा।

जीवन राना त्यत्रो वर्ष पार्टी अध्यक्ष र जीविसको राजनैतिक संयन्त्रमा बसेर मोटरसाइकल चढ्न सकेको देखिएन। तर उनी मृत्युको मुखमा पुगिसकेका मान्छे कसरी मोटरसाइकल चढ्ने भए त भन्ने जिज्ञाषा जाग्यो, औधी खुशी पनि लाग्यो र परात्मी जाँदै गरेका रानालाई केही छिन गौशालामा मोटरसाइकल रोक्न लगाएर कुराकानी गर्न मन लाग्यो।

उनलाई बाटोमा हिंडिरहेका मान्छे देख्यो कि च्याउ आयो , च्याउ आयो ताजा ताजा च्याउ आयो भन्ने माइकिङ लगाउन मै भ्याइनभ्याई थियो र पनि थोरै समय दिन भने। र उनले भने-'राजनीतिमा लागेको सन १९८१ देखि भारत प्रवासदेखि हो। २०५४ मा गुल्मी फर्केर पार्टीको अध्यक्षको जिम्मेवारी सम्हालेको हुँ। २०६९ सालसम्म अध्यक्षको जिम्मेवारीमै रहे। करिव ९ वर्ष प्यारालाइसिसको बिमारले थला परेपछि निस्कृय जस्तै बन्नु परेको हो। गत दुई वर्षपछि निको भएर काम गर्दैछु। पहिलो बंगुर पालेर घाटा लाग्यो, त्योपछि च्याउ खेती गरेर जीविका चलाउँदै छु।' तपाईसँगै राजनीति गरेका अरु दलका नेताहरु त सुकिला मुकिला देखिन्छन्। घर पनि राम्रै बनाइसके। गाडी पनि चढी सके तपाई किन पछाडि त ? भन्ने प्रश्नमा उनले भने-' अरुले खै कसरी कमाए थाह भएन। सायद ठेक्का पट्टा, दायाँ बायाँ गर्थेर कमाए होलान, तर आफूले त्यसो गर्न सकिएन र आफैं काम गरेर खाइदैछ।'

झण्डै ४० वर्षसम्म राजनैतिक जीवन बिताएका राना जस्ता निःस्वार्थ जनताको सेवा गर्ने र निष्ठाको राजनीतिको बाटो नबिराउनेहरुको अवस्था उनको जस्तै छ। तर कतिपय दलका कतिपय थुप्रै नेताहरु रातारात झुपडीबाट महलमा कसरी पुगे ? तुनेका चप्पलबाट कसरी चिल्ला गाडी चढ्न थाले ? उनीहरुको आर्थिक अवस्था राजनीति बाहेक अरु कुनै पेशा नगरी रातारात फेरिने, जनताको अवस्था भने सधैं उस्तै किन ? यो सवालमा घोतलिदै जनता अब त्यस्ता दल र नेताहरुबाट सचेत हुन जरुरी देखिएको छ।

भर्ना खुल्यो

यस पाल्पाको सुन्दर नगरी तानसेनमा रहेको पश्चिम क्षेत्रको पहिलो **क्यापस त्रिभुवन बहुमुखी क्याम्पस**मा नयाँ शैक्षिक सत्र २०८१ को लागि विवि ए,विवि एस,वि एड,विएसीमा अध्ययन गर्ने विधार्थीहरुलाई भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौ।

टंक प्रसाद भट्टराई
क्याम्पस प्रमुख
क्याम्पस त्रिभुवन बहुमुखी क्याम्पस
तानसेन, पाल्पा

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७५६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४१८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हाम्रीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com